सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक

# सोलु समाचार

सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

वर्ष ५, अङ्क २५, सोलुखुम्बु | २०६८ आश्विन १३ गते शुक्रबार | Sep 30, 2011 | मूल्य १० रुपैयाँ | http://solufm.wordpress.com

बिजया दशमी २०६८ को हार्दिक
मंगलमय शुभकामना
महेश किराती
अध्यक्ष
फ्रेन्डसिप युथ क्लव सल्लेरी सोलुखुम्बु

## सल्लेरी बजार अनुगमन

*सल्लेरी । सोलु समाचार*

सदरमुकाम सल्लेरीमा जिल्ला बजार अनुगमन समितिले बिहिबार बजार अनुगमन गरेको छ। बजार अनुगमनको क्रममा मोहन सुनचाँदी सेन्टरले एक तोला सुन जोख्ने ढकमा २ लाल कमको ढक प्रयोग गरिरहेको खुलासा भएको छ।

सुनचाँदी सेन्टरका मोहन बराइलीले दुईटा ढक प्रयोगमा ल्याएको जसमध्ये एउटा ढकमा दुई लाल कम भेटिएको हो। बराइलीले पुरै तौलको ढक प्रयोग गरेको दाबी गरेपनि दुई लाल कमको ढक अनुगमन समितिलाई दिन मानेन्। सोही कारण अनुगमन समितिले उनको कम तौलको ढक जपथ गऱ्यो।

अनुगमनका क्रममा राज स्टोर सल्लेरीमा ६४ प्याकेट फ्रुटी, स्याम्फु २ थान, सुदिप ज्ञानु इन्टरप्राइजेजबाट ६ ....

बाँकी पृष्ठ नं. ५




## माओबादी सोलुमा बिबाद बढ्दै

# भौतिक कारबाहीको चेतावनी

✍मनोजकुमार श्रेष्ठ/सोलु समाचार साप्ताहिक

एकीकृत नेकपा माओवादी सोलुखुम्बु भित्र तिब्र विवाद देखिएको छ। दोश्रो पटक मन्त्री बनेपछि पहिलो पटक मंगलबार सोलुखुम्बु आइपुगेका संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा सँस्कृति मन्त्री गोपाल किरातीको कार्यक्रम पार्टीको एउटा पक्षले बहिष्कार गरेपछि पार्टी भित्रको विवाद सार्वजनिक रुपमा नै देखिएको हो। मन्त्री किरातीको बहिष्कारपछि माओवादी सोलुखुम्बुभित्र स्पष्ट रुपमा दुई धार देखिएको छ।

"सोलुखुम्बुमा पनि माओवादी पार्टीको दुई वटा खेमा भएको प्रष्ट देखियो" माओवादी सोलुखुम्बुका इन्चार्ज गोम्बु शेर्पा कर्ज्याङले भने। राष्ट्रिय रुपमा नै माओवादी भित्र विवाद देखिएको र दुई लाइन संघर्ष जहाँ पनि हुने भन्दै कर्ज्याङले सोलुखुम्बुको विवाद सामान्य भएको समेत दाबी गरे।

माओवादीका जिल्ला सचिवालय सदस्य महेश किराती भन्छन् "जितेपछि आफूलाई बादशाह ठान्ने प्रवृत्ति उन (मन्त्री गोपाल किराती) मा पनि देखियो, जिल्ला र कार्यकर्ताको हितमा सिन्को

dfcf]jfbLsf lhNnf ;lrjfno ;b:o dx]z ls/ftL eG5g\
ælht]kl5 cfkm"nfO{ afbzfx 7fGg] k|j[lQ pg -dGqL
uf]kfn ls/ftL_ df klg b]lvof], lhNnf / sfo{stf{sf] lxtdf
l;Gsf] gefFRg] clg kf6L{ ljwL / gLlt ljkl/t rNg]nfO{
alxisf/ gu/]/ s] ug{' <Æ

नभाँच्ने अनि पार्टी विधी र नीति विपरित चल्नेलाई बहिष्कार नगरेर के गर्नु ?" काठमाण्डौवाट मंगलबार सदरमुकाम आएर बुधबार तुरुन्तै फर्केका मन्त्री किरातीले गरेको पत्रकार भेटघाटमा पार्टीको सोलुखुम्बु विवादका बारेमा धेरै कुरा थाहा नभएको जिकिर गरे। उनले घुमाउरो तरिकाले पार्टीको बाबुराम भट्टराई पक्षले विवाद सिर्जना गरेको दाबी गर्दै भने "केन्द्रमा हामी बाबुराम जीलाई प्रधानमन्त्री बनाउँछौं, यहाँ भने यस्तो छ चाल।" मन्त्री किरातीको कार्यक्रम बहिष्कार गर्नुमा थुप्रै कारण रहेको मन्त्री ....

बाँकी पृष्ठ नं. ७

यहाँ भने यस्तो छ चाल ।”

बिजया दशमी २०६८ को
हार्दिक मंगलमय शुभकामना
बुद्धिनारायण श्रेष्ठ
अध्यक्ष
योङ्ग स्टार क्लब सल्लेरी, सोलुखुम्बु

बिजया दशमी २०६८ को
हार्दिक मंगलमय शुभकामना
स्थानीय बिकास अधिकारी
जिल्ला बिकास समितिको कार्यालय
सल्लेरी, सोलुखुम्बु

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## अक्ष्यकोष स्थापना

*गार्मा/सोलु समाचार*

गार्मा माध्यमिक विद्यालय गार्मामा स्व. मिजार पेम्बा शेर्पा स्मृति अक्षय कोष स्थापना गरिएको छ। आफ्ना स्वर्गीय बुबाको स्मृतिमा छोरा पासाङ ग्याल्जेन शेर्पाले एक लाख ११ हजार १ सय ११ एकलाख एघार रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन् ।

अक्षयकोषको रकमको व्याजवाट गार्मा माविवाट गार्मावाट एसएलसीका उत्कृष्ट एक छात्र र एक छात्रालाई पुरस्कृत गरिने विद्यालयमा आयोजित कार्यक्रममा जानकारी दिइयो । शेर्पाले दुई लाख रुपैयाँ लगानी गरी गार्माको जोरबौद्ध मर्मत गर्ने समेत जानकारी दिए ।

यस्तै सगरमाथा निमावि नेचाबेतघारीमा अबितुलसा ट्रष्ट फण्ट र भक्तगंगा अक्षयकोष स्थापना गरिएको छ । स्थानीय माधब केसीले आफ्ना स्वर्गीय पिता भक्तबहादुर केसी र आमा गंगा केसीको नामा संयुक्त २५ हजार नगद जम्मा गरेर भक्तगंगा अक्ष्ययकोष र  दिव्यराज कटेलले स्वर्गीय पिता अबिकेसर कटेल र माता तुलसीदेबी कटेलको नाममा संयुक्त १० हजारको कोष खडा गर्नुभएको बिद्यालयले जनाएको छ ।

सो कोषमा भएको रकमको बार्षिक व्याजबाट शैक्षिक सुधारमा योगदान सोही बिद्यालयका शिक्षकलाई बार्षिक रुपमा पुरस्कृत गर्ने बिद्यालयको जनाएको छ ।

## गुराँसको रुख काटन प्रतिबन्ध

*कर्मा ग्याल्जेन शेर्पा/काँकु*

काँकु बडा ९ मा पर्ने च्याडमितेडमा ५ बर्षको लागि गुराँसको रुख काट्न प्रविबन्द लगाइएको छ । गाउँका युवाहरु मिलेर खोलेको च्याडमितेङ समाज सेवा समुहद्वारा जिल्ला वन कार्यालय तथा सामुदायिक बनसँग समन्वय गरी उक्त निर्णय गरिएको अध्यक्ष पासाङ दावा शेर्पाले बताए ।

गाँउमा अहिले बनजंगल धेरै नै फाडँनी भएको र यही अनुपातमा जाने हो भने केही बर्ष मै जंगल सखाप हुने र त्यसमा पनि गुराँस रुख लोप नै हुने भएकोले यो निर्णय गरेको अध्यक्ष शेर्पाको भनाई छ। साथै संस्थाले आगामी दिनमा वृक्षरोपण लगायत्का अन्य कार्यक्रम पनि गर्न लागेको उनले बताए ।

च्याडमितेडमा सन २००६ मा लागेको आगलागी भएको वन सखाप पारेको अवस्थामा दाउरा राम्रो हुने भन्दै गुराँस काट्ने क्रम बढेको हो । युवाहरुले गरेको निर्णय कार्यान्वय नभए च्याडमितेङ उजाड हुन धेरै समय नलाग्ने गुराँस संरक्षणमा जुटेका युवाहरुको भनाई छ ।

## अहेब नहुदा समस्या

*डिल्ली शर्मा/नेचा। सोलु समाचार*

बिगत १ बर्ष देखि उप स्वास्थ्य चौकी नेचा बेतघारीमा अहेब नहुँदा स्थानीय जनताहरु स्वास्थ्य सेवा लिनबाट बञ्चित भएका छन । ४ जनाको दरबन्दी रहेको उक्त उप स्वास्थ्य चौकीका अहेब सुर्य श्रेष्ठ काजमा सल्लेरी बसेपछि जनताले सेवा प्राप्त गर्न नसकेका हुन ।

ग्रामिण स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्ता फिल्डमा जाने भएपछि कार्यालय सहयोगी हरी बास्तोला मात्र कार्यालयमा रहने गरेका छन् ।

उक्त उप स्वास्थ्य चौकीको ब्यबस्थापन समितिको बैठक समेत नबसेकाले थप समस्या उत्पन्न भएको स्वास्थ्य चौकी ब्यबस्थापन समितिका अध्यक्ष एकराज शर्माले बताए । उक्त उप स्वास्थ्य चौकीबाट सल्यान, नेचा, पञ्चन, ओखलढुंगका कुईभिर र पोखरे गाबिसका जनताले सेवा लिदै आएका थिए ।

## हेल्थ पेस्टलाई बिभिन्न उपकरण प्रदान

बासा फाउण्डेशन काठमाडौले बासा हेल्थपोष्ट बासालाई स्वास्थ्य सेवा प्रदान गर्दा आबश्यक विभिन्न उपकरणहरु प्रदान गरेको छ । फाउण्डेशनले फ्रान्सेली ग्रुप्रको सहयोगमा शनिबार चार लाख १५ हजार बारबारको बिभिन्न उपकरण हेल्थपोष्टलाई उपलब्ध गराएको फाउण्डेसनका सचिव साङगा खालिङले जानकारी दिए ।हेल्थपोष्टलाई उपलब्ध गराइएको उपकरण तथा सामग्रीहरुमा स्टील बेड ४ थान, स्टेचर १ थान, ह्विल चिएर १ थान, माइक्रोस्कप यन्त्र १ थान, ब्लड स्टोर बक्स १ थान र चीयर ३ थान रहेका छन् । फाउण्डनेशनले बिगत ३ वर्ष देखी सो हेल्थ पोष्टलाई बिभिन्न  औषधी समेत  प्रदान गरिरहेको छ। उपकरण बितरण गर्न आएमको १० सदस्यीय टोलीलाई बासा ६ का बासिन्दाहरुले स्वागत गरेका थिए।

## स्याउ उत्पादनका लागि ध्यान दिन कृषकको माग

स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको साझेदारीमा योङ्ग स्टार क्लवको आयोजनामा गोराखानी गाविसमा आइतबार सार्वजानिक सुनुवाई तथा प्रतिबद्धता कार्यान्वयन कार्यक्रम सम्पन्न भएको छ । सार्वजनिक सुनुवाईमा गोराखानी गाविस सोलुखुम्बुको स्याउ उत्पादन हुने प्रमुख क्षेत्र भए पनि सम्बन्धित निकायले यस तर्फ कुनै ध्यान नदिएको सहभागीहरुले आरोप लगाए ।

जिल्ला कृषि विकास कार्यालयका प्रतिनिधी कुलबहादुर राईले सार्वजनिक सुनुवाईमा गोराखानीका कृषकको गुनासो कार्यालयसम्म पुऱ्याउने र समाधानको प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । यस्तै गोराखानीमा बर्थिङ सेण्टरको व्यवस्थापनका लागि सञ्चालक समितिले चासो नदेखाएको प्रति पनि सञ्चालक समितिको आगामी बैठकमा छलफल गरी प्रभाबकारी रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धित पक्षले प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्वास्थ्य संस्थामा स्वास्थ्य सहायकको दरबन्दी भए पनि कर्मचारी नभएको बिषयमा पनि सेवाग्राहीहरुले कार्यक्रममा कुरा उठाएका थिए। सार्वजनिक सुनुवाईमा योजनाहरुलाई पारदर्शी बनाउनका लागि स्थानीय स्तरका राजनीतिक दलका प्रतिनिधीले सक्रियता देखाउनु पर्नेमा जोड दिएका थिए ।

गोराखानी गाविसबासीहरुले महिनै पिच्छे गाविसको सचिव फेरिँदा र सचिव गाविसमा नबसी सदरमुकाम केन्द्रित हुँदा आफूले दुख पाएको गुनासो गरे पछि गाविस सचिव सीता शर्माले जिल्ला विकास समितिले कार्य आदेश दिएपछि गाविसमा नै बसेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा पशु सेवा उपकेन्द्र सिसाखोलाको सेवा प्रभावकारी नभएको, कर्मचारीको व्यवस्था नभएको बिषयमा पनि उपस्थितले सम्बन्धित पक्षको ध्यानाकर्षण गराएका थिए ।

## माओबादी फुटदैन् - मन्त्री किराती

संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा सँस्कृति मन्त्री गोपाल किरातीले एकीकृत नेकपा माओवादी कुनै पनि हालतमा नफुट्ने दाबी गरेकाछन् । मंगलबार सल्लेरीमा कार्यालय प्रमुखहरुलाई निर्देशन दिँदै किरातीले उनले पार्टी फुटाउनका लागि केन्द्रीय समितिका साथमा ४० प्रतिशत सभासद् चाहिने र सो बैद्य पक्षसँग नभएको दाबी गरे । पार्टी फुटिहालेमा पनि फुटेर जाने पक्षले बन्दुक उठाउनै पर्ने बाध्यता रहेको र वर्तमान अवस्थामा नागरिकले बन्दुक नभएर शान्ति र संविधानको चाहना गरेको बताए । बन्दुक नउठाउने हो भने पार्टी फुटाउनुको कुनै अर्थ नहुने किरातीको भनाई थियो ।

कार्यक्रममा सोलुखुम्बुका विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरुले आफ्नो समस्या मन्त्री किराती समक्ष राखेका थिए । उनीहरुले कार्यालयहरुमा बजेट अभाब भएको, दबरबन्दी अनुसारको कर्मचारीको व्यवस्था नभएको, सडक खन्दा वन ऐन तथा नीति नियम बिपरित खनिएको लगायत्का गुनासोहरु गरेका थिए । कार्यालय प्रमुखहरुको कुरा सुनिसकेपछि मन्त्री किरातीले मन्त्री हुने बित्तिकै सबै काम गर्न सक्छ भन्ने भ्रम मात्र भएको बताए । उनले बिगतका केही भ्रष्ट मन्त्रीहरुका कारण मन्त्री पद नै बदनाम हुने अवस्थामा पुगेको समेत बताए ।

सोलुखुम्बुका सरकारी कार्यालयका समस्याहरु सम्भव भएसम्म समाधानको लागि प्रयास गर्ने प्रतिबद्धता भने मन्त्री किरातीले व्यक्त गरे । मन्त्री किरातीले सोलुखुम्बुको बिकासका लागि आएको बजेटको सदुपयोग हुनुपर्नेमा जोड दिँदै हालै जिल्लाको चारवटा गाविसमा सरकारी घुम्ती सेवामार्फत् नागरिकको घरदैलोमा सेवा प्रदान गरेका सरकारी कर्मचारीहरुको प्रशंसा गरे र यस प्रकारको कामलाई निरन्तरता दिन समेत आग्रह गरे ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राम बहादुर कुरुम्बाङले जनतालाई छिटो छरितो रुपमा सेवा प्रदान गर्न र भ्रष्टाचार निवारण गर्न सोलुखुम्बुका कर्मचारीहरु प्रतिबद्ध रहेको बताएका थिए ।

बिजया दशमी २०६८ को
हार्दिक मंगलमय शुभकामना

एकता समाज क्लब
नेले ७, सोलुखुम्बु


जीवन फुल हो, प्रेम त्यसको सौरभ - भिक्टर ह्यूगो

## सम्पादकीय

फेरि एकपटक दशैं आएकोछ । घटस्थापनासँगै भित्रिएको दशैंको रौनकता गाउँ घरमा शुरु भएको छ । जमरा राख्ने कामसँगै घरमा कमेरो, रातो माटो लगाउने र दशैं भन्दै बालबालिका रमाउने क्रममा दिनानुदिन वृद्धि भइरहेको छ। नेपालको राष्ट्रिय पर्वका रुपमा स्थापित बडा दशैं नेपालमा अधिकांशले मनाउने चाँड हो । विशेष गरी यो चाँड हिन्दु नेपालीहरुले मनाउने गर्छन् ।

दशैंमा दुख सुख जे जसो भएपनि एकमुठीसँगै खाने र रमाउने सोलुखुम्बुबासीको सपना भने यस बेला टुटेको छ । सडक यातायात सञ्चालनमा छैन भने हवाई यातायात सर्वसाधारणको पहुँचवाट टाढा पुगेको छ। काम बिशेषले परिवारवाट टाढा पुगेकाहरु घर फर्कनका लागि चाहना भएर पनि सास्तीमा परिरहेकाछन् । हवाई टिकट पाउन सजिलो छैन र पाउँदा पनि एउटै टिकटका लागि हजारौं खर्चनु पर्ने बाध्यता छ ।

अर्कोतर्फ हालसम्म निरन्तर रुपमा सडक यातायात सोलुखुम्बुमा सञ्चालन हुन सकेको छैन । ओखलढुंगा हुँदै जिल्ला भित्रनमा पनि सिस्नेरी पहिरो बाधक बनेको छ । यसले दशैंमा घर फर्कनेहरुलाई मात्रै हैन दशैंमा मिठो खान चाहनेहरुको खर्चलाई समेत ह्वात्तै बढाइदिएको छ । यातायातको सहज पहुँच नहुँदा यसपटक धेरैले खल्लो

**दशैंको शुभकामना**

रुपमा दशैं मनाउँदैछन् ।

यद्यपि दशैंलाई सबैले रमाइलोसाग मनाउने चाहना राख्छन् र प्रयास गर्छन् । रमाइलोसँग दशैं मनाउने नाममा धेरैले क्षमता भन्दा बाहिर गएर दशैं मनाउने पुरानै परम्परा हो । जसले सोलुखुम्बु जस्तो ठाउँका नागरिकलाई थप समस्यामा पार्ने गरेको छ। अर्को कुरा दशैंमा मादक पदार्थ सेवाका साथमा जुवा तासमा रमाएर रमाइलो गर्नेको संख्या पनि उत्तिकै छ । उनीहरुको लागि दशैं, दशैं नभएर दशा पनि हुन सक्छ । यस्ता रुढिवादी परम्परालाई त्याग्नु जरुरी छ ।पारिवारिक भेटघाट, शुभकामना आदानप्रदान, रमाइलोका साथमा सफा, स्वच्छ र ताजा खानेकुरा खाएर मनाउन सके यसले स्वास्थ्यमा पनि नकारात्मक असर पर्ने थिएन । दशैंमा बढ्दै गएको पशुवलीलाई कम गरी मासु बिना पनि दशैं मनाउन सकिन्छ भन्ने सन्देश पनि दिनु यतिखेर आवश्यक्ता भईसकेको छ ।

यसर्थ, दशैंमा देखिएका विकृति बिसंगतिलाई कम गर्दै घाटी हेरी हाड निलौं भन्ने नेपाली उखानलाई मनन् गर्दै दशैं मनाउन सकिए दशैंले सबैलाई फाइदा पुऱ्याउनेछ, सद्भाव बढाउनेछ । यसो गर्न सकिए धार्मिक सद्भावसमेतमा वृद्धि भई यस चाँडको महत्व अझ बढ्न सक्छ । दशैंलाई नेपाली नेपाली बीचको सद्भावको पर्व बनाऔं, यो पर्वले देशमा दिगो शान्ति स्थापना र संविधान निर्माणका लागि समेत सहयोगी बन्न सकोस् ......सबैको दशैं शुभ रहोस् सबैलाई शुभकामना

सोलु एफएमका लागि
अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित
सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका
जि.प्र.का. द.नं. १ "क"/०६३
वर्ष ५, अङ्क २५
२०६८ आश्विन ३० गते शुक्रबार

**सल्लाहकार**
- हरिनारायण राजभण्डारी
- नारायणकुमार श्रेष्ठ

**कानुनी सल्लाहकार**
- राजकुमार श्रेष्ठ

**सम्पादक**
- डिमा पाखिन तामाङ

**सह सम्पादक**
- मनोजकुमार श्रेष्ठ

**सहायक सम्पादक**
- नुतन श्रेष्ठ

**बजार व्यवस्थापक**
- दीपक राजभण्डारी

**मुख्य सम्वाददाता**
- भोजेन्द्र बस्नेत
- सुजता तामाङ

**भाषा सम्पादक**
- लोचनकुमार शर्मा

**काठमाडौं सहयोगी**
- सुदीप शाक्य

***प्रकाशक***
सोलु एफ.एम.

**पत्राचारको लागि ठेगाना :**
सोलु समाचार साप्ताहिक
सल्लेरी - ७, सोलुखुम्बु
फोन/फ्याक्स : ०३८ - ५२०२८१
email : soluweekly@gmail.com
मुद्रण : ज्वालामाई अफसेट प्रेस
सल्लेरी, सोलुखुम्बु

सोलु समाचार साप्ताहिक
नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१

**चौतारी - - -**

# भ्रष्टचारीलाई किरा परोस्



✍ भोजेन्द्र बस्नेत

पत्रकार रविन्द्र मिश्रले चर्चित सामाजिक सञ्जाल फेसबुकमा लेखेको **भ्रष्टचारीलाई किरा परोस्** भन्ने वाक्यमा सहमति जनाउँदै एकजना साथीले माथिको भनाई राखेका थिए । भद्दा र अमानवीय गाली जस्तो लाग्ने कमेन्टहरु हेर्दा मलाई लाग्यो मुख खोलेर भन्न नसकेको भएपनि धेरै मध्ययम वर्गीय र पढेलेखेका युवाहरु भ्रष्टचारीहरुप्रति रुष्ट छन् । उनिहरुमा यति धेरै अक्रोश छ कि मिल्ने भए भौतिक कारबाही गर्न समेत उनिहरु पछि पर्दैनन् । त्यो मनभित्रवाटै पलाएको रिस हो । भ्रष्टाचारका बारेमा सोलुखुम्बुका एक युवा पेम्बा गेलु शेर्पाले लेख्छन् "भ्रष्टचारीले भुस्याहा कुकुरले नपाउने दुख

> कस्तो लाग्छ यो गाली ?? भ्रष्टचारीलाई खाना खाँदा ढुङ्गा परोस्, पानी पिउँदा ढल परोस्, सुत्ने बेलामा निन्द्रा नपरोस्, टाउको भरी जुम्रा परोस्, जिउमा काउसो झरोस्, हिड्दा ठेस लागोस्, गुड्दा ब्रेक फेल होस्,.............भ्रष्टचारीलाई किरै किरै किरा परोस् ।

पाओस् ।" यसैबारेमा उत्तम कार्की लेख्छन् भ्रष्टचारी आधा बाँचोस, आधा मरोस् कटमेरो आलुजस्तो ।" दुईदिन राखिएको सो भनाईलाई २१ जनाले मन पराएका थिए भने २७ जनाले कमेन्ट गर्दा एक जनाले पाए त तपाई पनि गर्नुहुन्थ्यो भने, एक जनाले भ्रष्टचार गर्नु अघि भ्रष्टचारीले पनि यसै भन्थे भने र राजनीतिकर्मी पोष्टकुमार कार्कीले सचेत गराए । कार्कीले लेखेका छन् **चिलायो क्यारे ढाड ? कुट्लान् नि भ्रष्टचारीले । गाली ?? आशिर्वाद त स्वाद पर्दो (एकदम चकिलो) रहेछ । नपचाउलान् नि बिरामीहरुले ।** बाँकी सबैले त्यो वाक्यलाई समर्थन गर्दै आफ्ना भनाईहरु राखे । सबैका भनाईहरुले भ्रष्टचारी प्रति आक्रोश दखाउँथ्यो वा भ्रष्टचारका कारण नेपाल समृद्धितर्फ नगएको भन्ने आशय थियो ।

त्यो वाक्यमा प्रतिक्रिया जनाउने क्रममा संचारकर्मी शुष्मा पौडेलले लेखिन **"भ्रष्टचारले सिर्जना गर्ने समस्याहरु(असमानता, आतंकबाद, अपराध, अहसयोग, अविकास, अविश्वास, आत्महत्या, आत्मनिर्भरता, अनुपयुक्तता, अस्पष्टता, अगति, अनैतिकता, असन्तुलन, आशान्ति, अपव्यय, आक्रमण, अराजकता, असफलता, अदूरदर्शिता, अन्धानुकरण, अभाव, अकर्मण्यता, अनियमितता, असन्तोष, अनुशासनहीनता, अत्याचार, अपचलन, अधोगति, अन्याय, अस्थिरता, अधैर्यता, अन्यौल, अलमल, अनिश्चितता, अकल्याण, अनुत्पादनशीलता र आहारिस ।"**

यहि वाक्यलाई सञ्चारकर्मी रविन्द्र मिश्रको प्रोफाईलमा प्रतिक्रिया जनाउँदै हास्यकलाकार हरिबंश आचार्यले लेखेका छन् भ्रष्टचारीको मुखमा किरा परोस् भनेको अर्थ भ्रष्टचारी जेल परोस् र त्यहाँ उडुस, उपिया, जुम्रा हुन्छन् त्यहि परोस् भनेको हो । उनले त्यो भनाई कानुनी रुपमा अर्थदिने भएको बिचार राखे । अनी त्यही भनाइमा प्रतिक्रिया जनाउँदै डा. रविन्द्र समिरले लेखेका छन् "भ्रष्टचारीको मुखमा म्याद नाघेका, फोहोर खाद्य बस्तुको साथमा युरिया, फाटेको मोजा र कुहिएका आन्द्राबाट बनेको रक्सी परोस् । चिकित्सक समिरले स्वास्थ्यलाई ठूले धन मान्दै भ्रष्टचारीको स्वास्थ्य पनि ठिक नहोस् भन्ने आशय पोखे ।"

कुरा सामान्य हो तर यसको अर्थ गहिरो छ । त्यो भनाईप्रति प्रतिक्रिया जनाउने ४८ जनामध्ये २ जनाले भ्रष्टचार

.... बाँकी पृष्ठ नं. ६

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# बृद्धको ब्यबहार देखेर म लज्जित भएँ

*__रामबहादुर कुरुम्बाङ__, सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी हुन् । आफुलाई सेवक र नागरिकलाई मालिक भन्न रुचाउने कुरुम्बाङ स्वच्छ मनले जनताको सेवा गर्दा आउने सबै चुनौती सहन आफु तयार रहेको बताउँछन् । सरकारी कर्मचारीले आफ्नो स्वार्थ नहेरी जनताको स्वार्थ हेर्नुपर्छ भन्ने प्रमुख जिल्ला अधिकारी कुरुम्बाङ व्यवहारीक रुपमा पनि उस्तै भएको सेवाग्राहीहरु बताउँछन् । केहीदिन अधिमात्र उनको नेतृत्वमा एक दर्जन सरकारी कार्यालयका कर्मचारीहरुको टोलि सोलुखुम्बुको कोशीपारीका ४ गाविस बुङ, छेस्काम, गुदेल र सोताङमा शिविर सञ्चालन गरेर फर्किसकेको छ । शिविरबाट त्यो क्षेत्रमा खास के फाईदा भयो र कालन्तरमा पर्ने प्रभाव के हो ? सोलुसमाचार साप्ताहिकका लागि भोजेन्द्र बस्नेतले गरेको कुराकानीको मुख्य अँश प्रस्तुत छः*



रामबहादुर कुरुम्वाङ
प्रमुख जिल्ला अधिकारी
सोलुखुम्बु

**सोलुखुम्बुको अत्यन्तै पछि परेका गाविसको भ्रमण गर्नुभएको छ, कस्तो पाउनु भयो त्यहाँको अबस्था ?**

हामी आफै कल्पना गरौं की अहिले नेपाल सरकारको तर्फबाट जारी गरिने सबैभन्दा महत्वपूर्ण कागजात भनेको नागरिकताको प्रमाणपत्र हो , चाररवटा गाविसमा गरेर हामीले एक हजारभन्दा बढि नागरिकता बनायौं । यसको कारण खोजी गर्दा एउटा कुरा ६/७ हजार खर्च लाग्छ त्यो जुटाउन नसक्नु हो । त्यस्तै ४/५ दिन लाग्छ त्यो समय व्यवस्थापनको कुरा भयो । अनी बृद्धाबस्थाका मानिसहरुले अहिले बृद्धभत्ता पाईन्छ भनेर मात्रै नागरिकता बनाउन आएका छन् । नेपाली भएको नाताले नागरिकता बनाउनुपर्छ भन्ने चेतना नै कम छ । भोट हाल्न नागरिकता चाहिन्छनी भन्दा त्यसतर्फ त्यत्ति धेरै चासो पाईएन । आर्थिक रुपमा सबैजसोको अबस्था कमजोर छ १०/१२ बर्षका बालबालीकाहरु भरियाको काम गर्छन् । बर्षभरी खान पुग्ने बासिन्दा एकदमै कम छन् । स्वास्थ्य सेवाको अबस्था दयनिय छ । शिक्षाको पनि हालत उस्तै छ । नेपाली भाषा स्पष्ट बोल्न नसक्नेहरु धेरै छन्, सबै घरमा सौचालयको व्यवस्था छैन । त्यसैले त्यहाँको जनजिवन अत्यन्तै कष्टप्रद, पछि परेको र पारिएको छ ।

**विकासका लागि गाविस, जिल्ला विकास समिति लगाएत अन्य सरकारी/गैह सरकारी निकायहरुबाट लगानी भईरहेको तथ्याङकले देखाउँछ । त्यसको प्रभाव नपरेकै हो ?**

यो विकास सम्बन्धमा चाहीं जिल्ला विकास समिति बढि उत्तररदायी र जिम्मेवार छ त्यसमा अधिकार सम्पन्न राजनीतिक दलका संयन्त्रहरु पनि छन् । हामी के देख्छौं भने विकास निर्माण सम्बन्धि कुराहरु त्यसको श्रोत साधन र बिनियोजनका कुराहरु छ त्यो चाहीं सदरमुकामको आसपास र संयन्त्रमा भएका व्यक्तिहरुको पहुँचमा मात्रै जाने गरेको छ । सोलुखुम्बु जिल्लामा पनि त्यस्तै भएको पाईन्छ । त्यस्तै बिषयगत कार्यालयमा पनि विकासका संयन्त्रहरु छन्, कृषि, पशु, स्वास्थ्य आदी हामी सबैले सदरमुकाम आसपास र सजिला गाविसमा मात्र नभएर त्यस्ता दुरदराजका गाविसमा समेत गएर सेवा दिनुपर्ने आबश्यकता देखिएको छ । अनी जुन भएको लगानीको कुरा छ त्यसको पनि प्रभावकारी अनुगमण गर्नुपर्ने आबश्यकता देखिएको छ । त्यसैगरी सरकारी निकायका गाविस तथा ईलाकास्तरीय कार्यालयहरु छन् उनिहरुले पनि जिम्मेवार भएर काम गर्नुपर्ने आबश्यकता देखिएको छ ।

**ति गाविसहरुमा यि सबै समस्या आउनुको मुख्य कारण के पाउनुभयो ?**

मुख्यत भौगोलिक बिकटता हो । जसको कारण सदरमुकामसँगको सम्पर्क कम रह्यो । त्यसैगरी त्यहाँ शिक्षा था जनचेतनाको कमी हो । महाकुलुङ भनेर चिनिने त्यो क्षेत्रमा अधिकाँस कुलुङ लगाएतको बसोबास छ जसमध्ये धेरैले अहिले पनि प्रश्ट नेपाली भाषा बोल्न सक्दैनन् । उनिहरुमा पढ्नुपर्छ भन्ने चेतना पनि कमै छ । राजनीतिक पहुँच कम छ । राजनीतिक दल वा हामी कर्मचारीहरुले पनि उनिहरुलाई बिभेद गरेका छौं वा हेपाहा व्यवहार गरिरहेका छौं । भन्नुपर्दा राज्य भएको अनुभुती नै उनिहरुलाई एकदम कम छ । गरिविका कारण २ छाक जुटाउन मुस्किल छ । यिनै कारणहरुले त्यो क्षेत्रका बासिन्दाहरु पछाडी परिरहेको अनुभुती मैले गरें । चेतनाको स्तरको कुरा गर्दा उनिहरु अहिलेपनि कर्मचारीलाई हाकिम मान्दा रहेछन् । एक जना ७० बर्ष पार भएका बृद्धले नागरिकता र बृद्धभत्ताको प्रमाण पाएपछि झुकेर मेरो गोडा छुन खोजे यो देखेर म लज्जित भएँ भने उनिहरुमा चेतनाको स्तर पनि कमी भएको अनुभव गरें ।


गुदेल ६ सोलुखुम्बुकी सुकमणी कुलुङलाई नागरिकता प्रमाणपत्र प्रदान गर्दै प्रजिअ रामबहादुर करुम्वाङ : फोटो/डि.बी. खालिङ

**शिविरमा जाँदा प्रत्यक्ष फाईदा पाएको कुरा त भयो, यो शिविरले कालन्तरमा पार्ने प्रभाव के हो ?**

प्रत्यक्ष रुपमा पाएको सेवा नै अहिले उनिहरुका लागि निकै ठूलो भएको छ । मेरो अनुमान्मा करोडभन्दा बढि खर्च ति ४ वटा गाविसका बासिन्दाको जोगिएको छ । तीन पुस्तादेखी नभएको जग्गा सम्बन्धि काम भएको छ । ७० बर्ष पार भएका नागरिकहरुले नागरिकता पाएका छन् । जो सदरमुकाम आएर कहिल्यै अपाङगता परिचयपत्र लिन सक्दैनथे उनिहरुले अपाङगता परिचयपत्र बनाएका छन् । यि ठुला कुरा हुन् । यसकोसाथमा नागरिकमा सरकार वा सरकारी कर्मचारी प्रतिको विस्वास बढेको छ । सरकारको अनुभुती भएको छ । कर्मचारीहरु हाम्रा सेवक हुन् भन्ने चेतनाको विकास भएको छ । सरकारबाट पाउने सेवा सुबिधा पाउनुपर्छ भन्ने चेतना आएको छ । अब आफुहरुका लागि छुट्याईएका सेवासुबिधाहरुको खारिज उहाँहरुले गर्नुहुने छ । त्यसको साथमा हामी कर्मचारीहरुले पनि प्रत्यक्ष रुपमा उहाँहरुको जिवन भोगाईको अनुभुती गरेका छौं । व्यवहारीक रुपमा हामी उहाँहरुको जिवनप्रति प्रशिक्षित भएको कारण अब सदरमुकाम आउँदा वा अन्यत्र पनि हामी उहाँहरुको कमा सहज ढंगबाट गर्न प्रेरित हुनेछौं । यसबाट ति गाविसका मात्र नभई अन्यत्र गाविसका नागरिकले समेत सरकारी सेवासुबिधा अझ सहज ढंगले पाउने छन् भन्ने मलाई लागेको छ ।

**ति गाविसका बासिन्दाको जिविकोपार्जनको लागि अब केही योजना छ की ?**

हैन हामीले त्यहाँको वास्तविकता बुझेका छौं । अब यसको बारेमा जिल्लाका सबै राजनीतिक दल, कार्यालयका प्रमुख लगाएतसँग बसेर त्यहाँका नागरिकलाई गर्न सकिने न्यायका बारेमा छलफल गर्ने छौं र ठोस योजना बनाउने छौं ।

**अब अरु गाविसमा पनि यस्तो शिविरको योजना छ की ?**

पक्कै, हामी दशैतिहार लगत्तै जिल्लाको गोली चौलाखर्क, भकाञ्जे जानेछौं । त्यस्तै अन्य गाविसमा पनि जान्छौं । हामीलाई अर्थिक अभाव हुन्छ, यसमा पनि जिल्ला विकास समितिले सहयोग गर्छ भन्नेमा हामी विस्वस्त छौं ।

***यस बर्षको टीकाको शुभ साईत २०६८ असोज १६ गते बिहिबार बिहान १० बजेर ३५ मिनेटमा***

बिजया दशमी २०६७ को पावन अबसरमा ए. नेकपा माओबादी का नेता, कार्यकर्ता, शुभचिन्तक, बिभिन्न राजनीतिक दल, सरकारी गैह्र सरकारी निकाय लगाएत जिल्लाबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्तगर्दै देशमा दिगो शान्ति स्थापनाको कामना गर्दछौं ।

**ईन्चार्ज**
**एकिकृत नेकपा माओबादी**
**सोलुखुम्बु**

बिजया दशमी २०६७ को पावन अबसर मा नेकपा एमालेका नेता, कार्यकर्ता, शुभचिन्तक, बिभिन्न राजनीतिक दल, सरकारी गैह्र सरकारी निकाय लगाएत जिल्लाबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै देशमा दिगो शान्ति स्थापनाको कामना गर्दछौं ।

**आङ डिमा लामा**
**अध्यक्ष**
**नेकपा एमाले सोलुखुम्बु**

बिजया दशमी २०६७ को पावन अबसर मा नेपाली कांग्रेसका नेता, कार्यकर्ता, शुभचिन्तक, बिभिन्न राजनीतिक दल, सरकारी गैह्र सरकारी निकाय लगाएत जिल्लाबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै देशमा दिगो शान्ति स्थापनाको कामना गर्दछौं ।

**आङगेलु शेर्पा**
**सभापति**
**नेपाली कांग्रेस सोलुखुम्बु**

**बिजया दशमी २०६८ को हार्दिक शुभकामना**

योङ्ग स्टार बचत तथा ऋण सहकारी सं.लि
सल्लेरी, सोलुखुम्बु

# समाचार संक्षेप

## राष्ट्रिय

- पार्टी सभापति सुशील कोइरालाको हठप्रति असन्तुष्टि जनाउँदै नेपाली कांग्रेसका बरिष्ठ नेता शेरबहादुर देउवाले केन्द्रीय सदस्य पदवाट राजीनामा दिएकाछन् ।
- माओवादी सेनाको हतियार राखेको कन्टेनरको साँचो सरकारलाई बुझाएपछि उत्पन्न विवादको समाधान गर्न बस्ने भनिएको माओवादी केन्द्रिय समितिको बैठक फेरि स्थगित भएको छ ।
- प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराईले नेपाली काङ्ग्रेस सभापति सुशील कोइरालालाई मंगलबार भेटेर शान्ति प्रक्रिया र संविधान निर्माणको कामअघि बढाउने कार्यमा सहयोग गर्न आग्रह गर्नु भएको छ ।
- नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सुजाता कोईरालाले नेपालमा पछिल्लो समयमा देखिएको गुणस्तरहिन खाद्यान्न जस्तै नेताहरु पनि गुणस्तरहिन रहेको बताएकी छन् ।
- नेकपा एमालेका सचिव शङ्कर पोखरेलले प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफु असफल हुँदा देश डुब्छ भन्नु फासिस्टशैली भएको बताएकाछन् ।
- सोमबार दिउँसो इस्लामिक सङ्घका महासचिव फैजान अहमदको गोली हानी हत्या गरिएको छ ।
- माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालको शान्ति प्रक्रिया टुंग्याउन भारतले पनि सघाउनुपर्ने बताएकाछन् ।
- भुमिसुधार तथा व्यवस्थामन्त्री प्रभु शाहले विगतमा सुकुम्बासीको नाममा पहुँचवालाहरूलाई बाँडिएको जग्गा खोस्ने तयारीमा सरकार रहेको बताएकाछन् ।

## सल्लेरी बजार ............

प्याकेट पापड, विजय स्टोरबाट ६ बट्टा चिया, अमर स्टोरबाट विभिन्न किसिमका ९ थान क्रिम र शान्ति किरान पसल सल्लेरीबाट ४ प्याकेट रियल जुस म्याद नाघेको पाएपछि बरामद गरेको थियो ।

अनुगमन समितिले सदरमुकाम सल्लेरीका २ वटा सुनचाँदी पसल, १ वटा भाडा पसल, २ वटा औषधी पसल, एउटा होटल र एउटा मासु पसल लगायत् गरी जम्मा २६ वटा पसलमा अनुगमन गरको गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका शाखा अधिकृत ओम प्रसाद सुवेदीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक राज कुमार कार्की, राष्ट्रिय अनुसन्धान कार्यालयका अधिकृत बिमल घिमिरे, नेपाल खाद्य संस्थानका गणेश प्रसाद चापागाई, सोलु अस्पताल फाप्लुका टंकनारायाण श्रेष्ठ, उद्योग बाणिज्य संघका अध्यक्ष जय प्रसाद राई, जिल्ला विकास समिति सोलुखुम्वुका छत्र बहादुर खड्काका साथमा संचारकर्मी र सुरक्षाकर्मीको सहभागिता रहेको थियो ।

अनुगमन समितिले तयार पारेको प्रतिवेदन बुझ्दै प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले बजार अनुगमनमा संलग्न सबैलाई धन्यबाद दिए । उनले आगामी दिनमा पनि बजार अनुगमनको कार्य जारी रहने र उपभोक्ता संरक्षण ऐनले तोके बमोजिमको कार्वाहीसमेत गरिने बताए ।

## स्थानीय

- सन स्टार युवा क्लव, नेता बतासे ७ ले अध्यक्ष देबेन्द्रकुमार श्रेष्ठको अगुवाईमा गैरीदेखि मझुवासम्म करिब एक किलोमिटर लामो बाटो मर्मत तथा सरसफाई गरेको छ ।
- हिमालयन कृषि सहकारी संस्था लिमिटेडको प्रथम साधारण सभा सल्लेरीमा सम्पन्न भएको छ ।
- तारामाया तामाङको अध्यक्षतामा देउसा ६ मा ६५ सदस्यिय वडा स्तरीय समिति गठन गरिएको छ ।
- बडा दशैंको अवसरमा अखिल क्रान्तिकारी बुद्ध मावि गोलीले शुभकामना आदान प्रदान तथा साँस्कृतिक कार्यक्रम सम्पन्न भएको छ ।
- सगरमाथा निमावि नेचाले बडा दशैंको शुभकामना आदान प्रदानकासाथमा पहिलो त्रैमासिक परिक्षाको नजिता प्रकाशन गरेको छ ।
- सिसाखोला संरक्षण मञ्चले सिसाखोला पुलमा पशु चौपाया तार्दा शुल्क लिने भएको छ । निकै पुरानो झोलुङगे पुल जिर्ण बनेको र पुल निर्माणका लागि भन्दै मञ्चले गाई भैंसी र खच्चड तार्दा शुल्क लिने निर्णय गरेको मञ्चका अध्यक्ष राजेश थापामगरले जानकारी दिए ।
- जन जागृति उच्च मावि सल्लेरीमा अध्यनरत कक्षा १२ का बिद्यार्थीले कक्षा ११ का नयाँ बिद्यार्थीहरुलाई सोमबार स्वागत गरेको छ ।
- लगातारको बर्षाले जुबु गाविसको गाविस भवनमा क्षति पुर्‍याएको छ । बर्षाले सोलुखुम्बुको अन्नको भण्डारका रुपमा चिनिने नेचा क्षेत्रमा धानबालीमा क्षति पुर्‍याएको छ । अबिरल बर्षाकै कारण तामाखानी गाबिसको वडा नं. ८ र ९ को बीचमा पर्ने खोलामा पहिरो जाँदा आवतजावत गर्न समस्या उत्पन्न भएको छ ।
- बीरेन्द्र ज्योति उच्च मावि सोताङको प्राचार्यमा प्रभुराम बस्नेत नियुक्त भएकाछन् । उनलाई विद्यालय व्यस्थापन समिति सोमबारको बैठकले शिक्षक बस्नेतलाई प्राचार्य पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।
- नेकपा एमाले गाउँ पार्टी कमिटी नेलेको अधिवेशन र कार्यालय उद्‌घाटन आगामी पुस महिनामा हुने भएको छ ।
- सिंहकाली निमावि केरुङ ५ चिम्डिडले बडा दशैंको अवसरमा सोमबार शुभकामना आदान प्रदानका साथमा दोश्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन गरेको छ ।
- सोताङमा नवनिर्मित गाविस भवनको आइतबार प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले उद्‌घाटन गरेकाछन् ।
- शेर्पा बालबुद्ध क्लब सल्यान ५ जिप्लीमा बौद्ध र बाटो मर्मत गरिएको छ ।
- नेपाल रेडक्रस सोसाइटी नेलेको छैटौं र नेले बचत तथा ऋण सहकारी संस्थाको तेश्रो साधारण सभा शुक्रबार सम्पन्न भएको छ ।
- नेपाल क्वान मुकान कराँते डोजो शाखा सोलुको पुरानो कार्यसमिति भंग गरी राजिब कायस्थको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरिएको छ ।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# सल्लेरीमा साहित्यिक कार्यक्रम

साहित्यकार रेनुका थापा(बस्नेतले अबसर तथा हौसलाका कमीका कारण साहित्य क्षेत्रको अपेक्षित विकास हुन नसकेको बताएकी छन्। नमोबुद्ध सर्वोच्च साहित्यक समाज सोलुखुम्बुको आयोजनामा शनिबार सल्लेरीमा भएको गजल प्रतियोगिता समारोहलाई सम्बोधन गर्दै थापाले साहित्यको विकासका लागि खोलिएका संघसंस्थाको निरन्तरता नहुँदा साहित्यकारहरु थप निरुत्साहित हुने गरेको बताइन्। साहित्यकारलाई अबसर र हौसला दिएमा मात्र पनि साहित्यको अपेक्षित विकास हुन सक्ने उनको भनाई थियो ।

विजया दशमी तथा दिपावाली २०६८ सालको अवसरमा आयोजना गरिएको सो कार्यक्रममा बुद्धि निराकारद्वारा लेखिएको मनको महल नामक गजल संग्रहको बिमोचन समेत गरिएको थियो । नमोबुद्ध सर्वोच्व सहित्यक समाज सोलुखुम्बुको अध्यक्ष हरिराम भट्टाराईको सभापतित्व तथा माननीय जिल्ला न्यायधिस सिताप्रसाद पोखेलको बिशिष्ट आतिथ्य र सभासन् गोकर्ण राईको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा बोल्ने सबै बक्ताहरुले साहत्यिले समाज परिवर्तनमा महत्वपूर्ण सहयोग गर्ने बताए ।

कार्यक्रममा अवसरमा भएको कविता प्रतियोगिता सिंहकाली उच्च मावि तिङलाका शिक्षक पदमप्रसाद भटराई प्रथम भए । ३० जना सहभागी भएको प्रतियोगितामा सुवास कटेल द्बितीय, लघुधन राई तृतीय र रामउदास राईले सान्त्वना स्थान प्राप्त गरे ।

गजल प्रतियोगितातर्फ २२ जना प्रतिस्पर्धीमध्ये सुवास कुलुङ, हर्क राई, रेजिना राई र पदमप्रसाद भटराई क्रमशः प्रथम, द्बितीय, तृतीय र सान्त्वना भए । प्रतियोगिताका विजेताहरुलाई क्रमशः दुई हजार ५ सय, एक हजार ५ सय, एक हजार र ५ सय नगदका साथमा प्रमाणपत्र प्रदान गरिएको थियो ।

---

बिजया दशमी २०६८ को पावन अबसरमा सोलुखुम्बुबासी लगाएत देशबासीमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बिनोद बस्नेत
अध्यक्ष
पेशागत महासंघ नेपाल
जिल्ला समिति सोलुखुम्बु



बिजया दशमी २०६८ को
हार्दिक मंगलमय शुभकामना




| | | | |
|---|---|---|---|
| **चित्रकुमार राई**<br>गा.बि.स सचिब<br>एवं<br>सल्लेरी गा.बि.स परिवार | **पेम्बा शेर्पा**<br>गा.बि.स सचिब<br>एवं<br>केरुङ गा.बि.स परिवार | **राजबहादुर रोकाया**<br>गा.बि.स सचिब<br>एबं<br>तिङ्ला गा.बि.स परिवार | **हरीलाल बि.क**<br>गा.बि.स सचिब<br>एवं<br>टाप्टिङ गा.बि.स परिवार |
| **सितादेबी शर्मा**<br>गा.बि.स सचिब<br>एवं<br>गोराखानी गा.बि.स परिवार | **प्रेम राई**<br>गा.बि.स सचिब<br>एवं<br>सल्यान गा.बि.स परिवार | **मोहनलाल मेहता**<br>गा.बि.स सचिब<br>एबं<br>पञ्चन गा.बि.स परिवार | **तुलसी राम कटे्ल**<br>गा.बि.स सचिब<br>एवं<br>नेचा बेतघारी गा.बि.स परिवार |
| **बिनोद बस्नेत**<br>गा.बि.स सचिब<br>एवं<br>नेचा बतासे गा.बि.स परिवार | **खगेन्द्र लम्साल**<br>गा.बि.स सचिब<br>एवं<br>नेले गा.बि.स परिवार | **मीनबहादुर बि.क**<br>गा.बि.स सचिब<br>एबं<br>देउसा गा.बि.स परिवार | **कुमारी आचार्य**<br>गा.बि.स सचिब<br>एवं<br>मुक्ली गा.बि.स परिवार |
| **पशुपति पोखरेल**<br>गा.बि.स सचिब<br>एवं<br>जुबु गा.बि.स परिवार | **पुण्य प्रसाद कोईराला**<br>गा.बि.स सचिब<br>एवं<br>पावै गा.बि.स परिवार | **राजबहादुर रोकाया**<br>गा.बि.स सचिब<br>एबं<br>लोखिम गा.बि.स परिवार | **युबराज कट्ुवाल**<br>गा.बि.स सचिब<br>एवं<br>सोताङ गा.बि.स परिवार |
| **पूर्ण बहादुर राई**<br>गा.बि.स सचिब<br>एवं<br>गुदेल गा.बि.स परिवार | **पुष्पराज राई**<br>गा.बि.स सचिब<br>एवं<br>बुङ गा.बि.स परिवार | **चन्द्र प्रसाद लुईटेल**<br>गा.बि.स सचिब<br>एबं<br>छेस्काम गा.बि.स परिवार | **चक्र बहादुर बस्नेत**<br>गा.बि.स सचिब<br>एवं<br>तामाखानी गा.बि.स परिवार |
| **गोकुल अर्याल**<br>गा.बि.स सचिब<br>एवं<br>कांकु गा.बि.स परिवार | **शम्भु आचार्य**<br>गा.बि.स सचिब<br>एवं<br>वासा गा.बि.स परिवार | **बिनोद आचार्य**<br>गा.बि.स सचिब<br>एबं<br>वाकु गा.बि.स परिवार | **रेवती अधिकारी**<br>गा.बि.स सचिब<br>एवं<br>बेनी गा.बि.स परिवार |

## माओबादी सोलुमा.......

किरातीसँग असन्तुष्ट पक्षले बताए पनि मुख्य रुपमा कर्ज्याङलाई जिल्ला इन्चार्ज बनाइनु र हिमाल गिरीलाई मन्त्रीको स्वकीय सचिव बनाइनु प्रमुख कारण रहेकाछन् । "जिल्लाको नेतृत्व गर्ने नसक्ने मान्छेलाई इन्चार्ज बनाएपछि कसरी चुप लागेर बस्नु ?" माओवादी सोलुका एक सदस्यले भने । असन्तुष्ट पक्षले कर्ज्याङलाई बिधी र नीति विपरित इन्चार्ज बनाइएको दाबी गरे पनि माओवादी किरात राज्य समितिका इन्चार्ज तथा मन्त्री गोपाल किराती भने उक्त भनाईको खण्डन गर्छन् । "विगतमा जसरी अरु इन्चार्ज बनाइएका थिए, उहा पनि त्यसरी नै इन्चार्ज बन्नु भएको हो, हिमाल जीलाई स्वकीय सचिव बनाएको विषयमा पनि साथीहरुको आपत्ति नहुनु पर्ने हो ।"

जिल्लाको हितको लागि हरसम्भव प्रयास गरिएको मन्त्री किरातीले गरे पनि असन्तुष्ट पक्षभने किरातीले जिल्लाको लागि केही नगरेको दाबी गर्छन् । जिल्ला सचिवालय सदस्य महेश किराती भन्छन् "संविधान सभाको चुनावको क्रममा हत्या गरिएका कार्यकर्ता गजेन्द्र बस्नेतको हत्यारालाई कारबाही गर्न नसकेको, जिल्लाको हितमा बजेट ल्याउन नसकेको, जनता माझ गरिएको बाचा पुरा गर्न नसकेको, एक बर्ष भित्र सोलुखुम्बुको सबै गाविस पुग्ने फोस्रै बाचा गरेको, मन्त्री बनेपनि जिल्लाले केही उपलब्धी हासिल गर्न सकेन ।" मन्त्री बनेर जिल्ला आउँदासमेत पार्टीलाई कुनै जानकारी नगराएको समेत किरात राज्य समिति सदस्य श्याम क्षेत्रीको भनाई छ । "पार्टीमा छिरेका राजावादीलाई खेलकुद विकास समिति जिम्मा लगाएर हिजोदेखि ज्यानको बाजी थापेर लडेकाहरुलाई अपमान गरियो" अर्का सदस्य ध्रुव शर्मा पराजुली भन्छन् ।

इन्चार्ज बनेका कर्ज्याङ छलफलवाट विवाद छिट्टै समाधान हुने आशामा रहे पनि विवाद त्यती सजिलै रुपमा टुंगिने छाँट देखिएको छैन । "क्रान्ति सम्पन्न हुँदै गर्दा हाम्रा नेताहरुले कार्यकर्तालाई बिर्सन थालेकाछन्, विगतमा हामीले तत्कालिन शाही सेनातर्फ बन्दुक तेर्स्यायौ, आज हामी त्यही बन्दुक हाम्रै नेतातिर फर्काउन तयार छौं" किरात राज्य समिति सदस्य मञ्जु किरातीले आक्रोशित हुँदै भनिन् । "बहिष्कार र तालाबन्दी केही होइन, कार्यकर्ताको उपहास गरिए, शहीदको सपनामाथि खेलवाड गरिए मन्त्री किरातीलाई भौतिक आक्रमण गर्न वाइसिएल तयार छ" वाइसिएल सोलुखुम्बुका सचिव बिनोद भन्छन् । पार्टीको नाममा कतिपय नेताले ऋण लिएरसमेत खाएको दाबी मञ्जुको छ ।

लामो समयदेखि महाधिवेशन नहुँदा पनि पार्टी भित्र समस्या देखिएको दाबी गर्दै कर्ज्याङले भने "आफू हुँदा सबै ठिक अरुहुँदा बेठिक भन्नु ठिक होइन ।" जिल्ला सचिवालय सदस्य महेश किराती भने व्यक्ति भन्दा पनि प्रवृत्ति प्रमुख कारण रहेको बताउँछन् । महेश भन्छन् "शहीदको सपनाको अपमान गर्नेलाई पार्टी कार्यालय भित्र पस्ने कुनै अधिकार छैन, त्यसैले तालाबन्दी गरेका हौं ।" पार्टीको विधी र नीति विपरित किरात राज्य समितिको हवाला दिएर गरिएको निर्णय खारेजको लागि पार्टी महासचिव रामबहादुर थापा बादलसँग पनि भेट गरेको महेशले बताए । "जिल्ला इन्चार्जको जिम्मेवारी हेरफेर गर्ने काम विधी र नीति विपरित ३ (गोपाल किराती, हिमाल किरात र पेशल खतिवडा) ले गरेका हुन् । माओवादी सोलुखुम्बुको अत्याधिक सदस्यहरु मन्त्री किरातीको प्रवृत्तिको विपक्षमा रहेको समेत उनले दाबी गरे । असन्तुष्ट पक्षले जिल्ला संगठन कार्यालयमा लगाइएको ताला मन्त्री किराती काठमाण्डौ फर्कनासाथ बुधबार खोलेको छ ।

## भ्रष्टचारीलाई किरा.......

सबैले गर्छन् भन्ने आशय झल्काए । एक जनाले सचेत गराउँदै समर्थन गरे र बाँकी कसैले थप गाली गरे, कसैले त्यसैमा सहमति जनाए, कसैले विडम्बनापूर्ण भएको भन्दै चिन्ता गरे । आखिर धेरैले भ्रष्टचार नेपालको लागि ठूलो समस्या भएको बताए । त्यो प्रोफाईलमा प्रतिक्रिया जनाउनेहरुमध्ये सबैजसो पढेलेखेका र मध्यम वर्गका व्यक्तिहरु थिए । यसबाट आंकलन गर्न सकिन्छ कि भ्रष्टचारले गरिबहरुलाई त टाउको उठाउन दिएको छैन नै मध्यम बर्गीय युवाहरुको प्रगतीका लागि पनि ठूलो बाधक बनिरहेको छ ।

व्यक्तिगत रुपमा माथिका गाली मलाई सहि लाग्दैन कसैलाई सत्य सराप गर्नु, मर भन्नु, र उसमाथि आक्रमण गर्नु भावनात्मक रुपमा उस्तै कुरा हुन् । कसैमाथि यस्ता वचन व्यक्त गर्दा त्यसले सामाजिक रुपमा बिचलन पैदा गर्छ, आपसमा समझदारीको दुरी बढाउँछ । कानुनअनुसार कारवाही हुनुपर्छ तर किरा परोस, मरोस् भन्नु नैतिक कर्म होईन र कानुनको पालना पनि हैन । तर कुनै कुराको सिमा नाघिसकेपछि मानिसमा आक्रोश थामिनसक्नुहुँदो रहेछ अनी बुझ्ने मान्छे पनि त्यस्ता वाक्यसँगै गाली गर्न थाल्दो रहेछ । अहिले नेपालमा यस्तै देखिएको छ ।

पत्रकार रविन्द्र मिश्र लगाएतका सञ्चारकर्मी र सामाजिक कार्यकर्ताहरुले शुरु गरेको भ्रष्टचारीलाई किरा परोस् अभियान दिनदिनै चर्चित बन्दै जानु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत भ्रष्टचारीलाई किरा परोस् भन्ने पर्चा छपाएर बिभिन्न निकायहरुमा टाँस्नु जस्ता कामहरु भ्रष्टचारले सिमा नाघेको कारण उत्पन्न आबेग नै हो । प्रक्रिया गलत नै भएपनि त्यसलाई ठूलो जनमानस त्यसमा पनि पढेलेखेका मध्ययम बर्गीय युवाहरुले सहमति जनाएका छन् र आफ्नो ठाउँबाट अभियानलाई उर्जा थपिरहेका छन् । संचारकर्मी शुष्मा पौडेलले देखाएका सबै समस्या समबृद्ध र शान्त समाजका बाधक तत्व हुन् । यि कुरा भ्रष्टचारबाट उत्पन्न हुने उनको ठहरमा पुरै होईन । केही प्रतिशत मात्र सत्य हुँदा पनि भ्रष्टचार व्यक्ति, समाज, राष्ट्र सबैको लागि समस्या हो । यस अघि पनि निकै भएको र जनआन्दोलन २०६२/६३ पछि ह्वात्तै मौलाएको भ्रष्टचारलाई नियन्त्रण गर्न तर्फ नलाग्ने हो भने यसले देशको समृद्धि त रोक्छ नै कुनै दिन एउटा आक्रोशको ज्वाला पनि निस्कन सक्छ त्यसले धेरै कुरा खरानी हुन जान्छ । भारतमा अन्ना हज्जारेको समर्थनमा देखिएको जस्तो भिड नेपालमा पनि भ्रष्टचार बिरोधी नारा लगाउँदै सडकमा आउन सक्छ, भारतमा शान्त आन्दोलन भएपनि नेपालमा के हुन्छ भन्न सकिन्न । यहाँ हाक्का हाक्की गरिएका थुप्रै भ्रष्टचारले नागरिकलाई आक्रोशित बनाउँदै छ । जसको एउटा उदाहरण हो "भ्रष्टचारीलाई किरा परोस्" जस्तो असभ्य लाग्ने वाक्लाई पनि शिक्षित युवा, सञ्चारमाध्यम धेरैले सहज रुपमा प्रयोग गरिरहेका छन् ।

## सामान्य ज्ञान

**प्रश्न**

१. सभासद्हरुले प्रयोग गरिरहेको लोगोको प्रतीक चिन्ह कसले तयार गरेका हुन् ?
२. राष्ट्रिय योजना आयोगका वर्तमान उपाध्यक्ष को हुन् ?
३. कुन प्राणीको श्रवण शक्ति जिब्रोमा हुन्छ ?
४. अमेरिकाको कुन शहरलाई माग्नेहरुको शहर भनिन्छ ?
५. आइसीसीले सन् २०११ को उत्कृट खेलाडी कसलाई घोषित गर्‍यो ?

*उत्तर यतै कतै खोज्नुहोस् ।*

## विचित्र संसार

### ४ ईन्चको जिब्रो

जिब्रो बाहिर निकाल्दा नाकको टुप्पो छोयो भने सानोमा आची खाएको भनेर जिस्काउने चलन हुन्छ गाउँघरतिर । जाबो त्यति छोटो जिब्रो हुँदा त आची खाएको आरोप लाग्छ । तर अमेरिकाकी एक महिलाले जिब्रो झण्डै ४ इन्च लामो हुँदा पनि यस्तो अपमान सहनु परेको छैन । उल्टै गिनिज बुकमा नाम लेखाएर प्रसिद्धी कमाएकी छन् ।

क्यालिफोर्निया घर भएकी च्यानल ट्यापर नामकी ती महिलाका जिब्रो ३ दशमलव ८ इन्च अर्थात् ९ दशमलव ७५ सेन्टिमिटर लामो छ । उनको त्यो



छेपारोजस्तो जिब्रो सामान्य मान्छेको भन्दा दोब्बर लामो हो । उनको जिब्रो हत्केला जत्तिकै चाँडा छ । आफूले जिब्रो बाहिर निकालेको देख्दा केही मासिन डराएर भाग्ने गरेको उनी बताउँछिन् ।

वास्तवमा लामो जिब्रोका कारण च्यानलले केटा साथीहरु आफूवाट टाढिएका महसुस गरेकी रहेछिन् । मेरा अहिले ब्वाईफ्रेण्ड छैनन् । पछिल्लोपटकको लभरले पनि छाड्यो, उनी भन्छिन् । जन्मजात नै लामा जिब्रो भएकी च्यानलकी आमाको पनि जिब्रो लामो छ, तर छोरीको जत्ति चाही होइन ।

**विजया दशमी २०६८ को हार्दिक**
**मंगलमय शुभकामना**
लाल प्रसाद बास्तोला
प्रधानाध्यापक
कालिका उच्च मा.बि पञ्चन, सोलुखुम्बु

**सामान्यज्ञानको उत्तर**

१. टेकबीर मुखिया, २. दीपेन्द्रबहादुर क्षेत्री, ३. सर्प, ४. सियाटल, ५. जोनाथन ट्रोट (इङ्ल्याण्ड)

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# बिबादकाबीच फ्रेन्डशीप बिजेता घोषित

*सल्लेरी । सोलु समाचार*

सल्लेरीमा भएको खुल्ला फुटबल प्रतियोगिता बुधबार विवादास्पद रुपमा सम्पन्न भएको छ । योङ्ग स्टार क्लव टिम ए र आयोजक फ्रेण्डशीप युथ क्लव टिम ए बीच भएको फाइनल खेलको बीचैमा विवाद भएपछि रेफ्रीले फ्रेण्डशीप युथ क्लवलाई विजेता घोषणा गरेका थिए ।

खेलको ३१ औं मिनेटमा विवाद शुरु हुनु अघि फ्रेण्डशीप युथ क्लव एक गोलले अघि रहेको थियो । खेलको नवौं मिनेटमा पाएको फ्रि किकलाई सदुपयोग गर्दै फ्रेण्डशीपका मदन श्रेष्ठले गोल गरेका थिए । ३१ मिनेटमा फ्रेण्डशीपका सोनाम तामाङले योङ्ग स्टारका आइतमान तामाङलाई फउल खेली नराम्रोसँग लडाए पछि दर्शक दिर्घामा रहेका एक दर्शकले सोनामलाई मुक्का प्रहार गरेका थिए ।

मुक्का खाए पछि खेलाडी सोनाम निक्कै आक्रामक र उत्तेजित देखिएका थिए । उनलाई रेफ्रीले पहेलो कार्डसमेत देखाएका थिए । विवादका क्रममा योङ्ग स्टार क्लवका खेलाडीहरु शान्त देखिए पनि समर्थक तथा फ्रेण्डशीपका केही खेलाडी र पदाधिकारीहरु उत्तेजित देखिएका थिए ।

विवादकै बीचमा रेफ्रीले खेलको मर्यादा भंग गरेको आरोपमा योङ्ग स्टारका टिमलाई नै रेडकार्ड देखाउँदै फ्रेण्डशीपलाई विजेता घोषणा गरेका थिए । योङ्ग स्टार क्लवका खेलाडी तथा समर्थकहरुले सिट्ठी तान्ने तथा दुर्व्यवहार गरेका कारण टिमलाई रेडकार्ड देखाउनु परेको रेफ्री क्षितिज तामाङले बताए । योङ्ग स्टार क्लवले भने रेफ्री माथि कुनै दुर्व्यवहार नगरेको दाबी गरेको छ ।

विवादास्पद रुपमा खेल सकिए पनि फाइनल खेलको शुरुमा दुवै टिमले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए । खेलको तेश्रो मिनेटमा नै योङ्ग स्टार क्लवले गोल प्रहार गरे पनि रेफ्रीले उक्त गोललाई मान्यता दिएनन् ।

खेलको सातौं, पन्ध्रौं र बाइसौं मिनेटमा योङ्ग स्टार क्लवले शसक्त प्रहार गरेका थिए । खेलको २४ औं मिनेटमा योङ्ग स्टारका प्रदीप शाक्यले प्रहार गरेको बल पोष्टमा लागेर फर्किएको थियो । खेलको तेह्रौं, सत्रौं, बिसौं र अट्ठाइसौं मिनेटमा फ्रेण्डशीपका खेलाडीहरुले सशक्त प्रहार गरेका थिए ।

१४ टिमको सहभागिता रहेको प्रतियोगितामा फ्रेण्डशीप युथ क्लव टिम बीलाई हराउँदै माउण्ट एभ्रेष्ट इंग्लीस स्कुल सल्लेरीले तेश्रो स्थान प्राप्त गर्‍यो । प्रतियोगिताका विजेता टिमहरुले क्रमशः ३५ हजार, १० हजार र पाँच हजार नगद पुरस्कारस्वरुप् प्राप्त गरे ।

## झरना युवा समूहलाई उपाधि

ज्वालामाई आर्दश सेवा क्लव, तामाखानीको आयोजनामा भएको जिल्ला स्तरीय खुल्ला जुनियर भलिबल प्रतियोगिताको उपाधि झरना युवा समूह, सल्लेरी २, फाप्लुले जितेको छ । क्लवको छैटौं बार्षिकोत्सवको अवसरमा आयोजित सो प्रतियोगिता जुनबेशी मावि, जुनबेशी तथा पिके श्रृजनशिल युवा क्लव, तामाखानी क्रमश द्वितीय र तृतीय भएका छन् । शुक्रबार सम्पन्न प्रतियोगितामा पिके माध्यमिक बिद्यालय, तामाखानीले सान्त्वना स्थान प्राप्त गर्‍यो । प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय हुने टिमलाई क्रमशः नगद ३ हजार, २ हजार र १ हजार रुपैयाँका साथमा शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिएको छ । १० टिमको सहभागिता रहेको प्रतियोगितामा झरना युवा समूहका राम तामाङ्ग उत्कृत खेलाडी घोषित भएका छन् ।


**बिजया दशमी २०६८ को**
**हार्दिक मंगलमय शुभकामना**
राम"संघर्ष" किराती
अध्यक्ष
जिल्ला खेलकुद बिकास समिति सोलुखुम्बु

**बिजया दशमी २०६८ को**
**हार्दिक मंगलमय शुभकामना**
नरेन्द्र थापामगर
का.बा.अध्यक्ष
निपाल आदिबासी जनजाति महासंघ, सोलुखुम्बु

**बिजया दशमी २०६८ को**
**हार्दिक मंगलमय शुभकामना**
रामकाजी श्रेष्ठ
कार्यालय प्रमुख
जिल्ला हुलाक कार्यालय सोलुखुम्बु

**बिजया दशमी २०६८ को**
**हार्दिक मंगलमय शुभकामना**
कार्यालय प्रमुख
जिल्ला उर्जा तथा वातावरण शाखा, सोलुखुम्बु



बिजया दशमी २०६८ को हार्दिक मंगलमय शुभकामना



**प्रशन्न ध्वज कार्की**
गा.बि.स सचिब
एबं
गोली गा.बि.स परिवार

**निरोज फुन्याल**
गा.बि.स सचिब
एवं
काँगेल गा.बि.स परिवार

**बिनोद केसी**
गा.बि.स सचिब
एबं
जुभिङ गा.बि.स परिवार

**रेवती अधिकारी**
गा.बि.स सचिब
एवं
टाक्सिन्दु गा.बि.स परिवार

**प्रशन्न ध्वज कार्की**
गा.बि.स सचिब
एवं
चौरीखर्क गा.बि.स परिवार

**शम्भु आचार्य**
गा.बि.स सचिब
एवं
नाम्चे गा.बि.स परिवार

**चित्रकुमार राई**
गा.बि.स सचिब
एबं
गार्मा गा.बि.स परिवार

**शम्भु आचार्य**
गा.बि.स सचिब
एवं
खुम्जुङ गा.बि.स परिवार

**बिनोद बस्नेत**
गा.बि.स सचिब
एवं
चौलाखर्क गा.बि.स परिवार

**टंक प्रसादआचार्य**
गा.बि.स सचिब
एवं
भकान्जे गा.बि.स परिवार


सोलु एफएमका लागि अध्यक्ष बुद्दिनारायण श्रेष्ठद्वारा प्रकाशित सोलु समाचार साप्ताहिक फोन/फ्याक्स ०३८ ५२०२८१ email : soluweekly@gmail.com/solufm@gmail.com